वर्ष : २१, अंक : २०, काठमाडौं, २०८२ असोज १० गते शुक्रबार, 26 September, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## संविधानमा तत्काल सुधारका लागि आजपाको १६बुँदे प्रस्ताव




काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले आम जनताद्धारा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्रीको लागि व्यवस्था सुधारको प्रस्ताव सारेका छन् ।

आजपाको काठमाडौंमा बसेको केन्द्रीय समितिको बैठकमा अध्यक्ष साहले प्रधानमन्त्री र मुख्यमन्त्री आम जनताद्धारा प्रत्यक्ष निर्वाचित हुनुपर्ने व्यवस्था संविधानमा गर्नुपर्ने गरेको प्रस्ताव बैठकले सर्वसम्मतले पारित गरेको छ ।

संविधानमा तत्काल गर्नुपर्ने सुधार भन्दै आजपा अध्यक्ष साहले १६ बुँदे प्रस्ताव बैठकमा पेश गरेका थिए । जसलाई बैठकले सर्वसम्मतले पारित गर्दै ति बिषय तत्काल संशोधनका लागि संघर्षमा उत्रिने निष्कर्ष समेत निकालेको छ ।

'प्रधानमन्त्री र मुख्यमन्त्रीको छनौट प्रत्यक्ष निर्वाचनद्धारा गर्नुपर्ने, प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको छनौट पूर्ण समानुपातिक निर्वाचन प्रणाली अनुसार हुनुपर्ने, पालिकाको संख्या घटाउने र बजेट बढाउने प्रस्ताव बैठकले सर्वसम्मतीले पारित गरेको छ,' आजपा अध्यक्ष साहले भने ।

यस्तै, आजपाले स्थानीय तहमा कानून बनाउने र कर लगाउने अधिकार संविधानबाट हटाउनुपर्ने र स्थानीय तहको निर्वाचन निर्दलीय गर्नुपर्ने एजेण्डा अगाडी सारेको छ । दलीय सिण्डिकेटको विरोध गर्दै आएको आजपाले पार्टीलाई निर्वाचित संस्थाभन्दा माथि राख्ने प्रावधान खारेज गर्नुपर्ने माग समेत गरेको छ ।

संविधानमा रहेको विदेशीलाई नागरिकत्ता दिने प्रावधान अर्थात गैर आवासिय नागरिकत्ता खारेज गर्नुपर्ने, प्रदेशलाई पहिचान एवं अधिकार सम्पन्न बनाउनुपर्ने, शासकको समानुपातिक अधिकार खारेज गर्नुपर्ने, अनावश्यक संवैधानिक आयोगहरु खारेज गर्नुपर्ने, केन्द्रमा रहेका अनावश्यक संरचना खारेज गर्नुपर्ने माग आजपाले गरेको छ ।

नेपालका सम्पूर्ण भाषा र संस्कृतिलाई समान हैसियत कायम गर्नुपर्ने,

*बाँकी अन्तिम पृष्ठमा*

## युवाहरूलाई नेतृत्वदायी भूमिकामा अघि बढाउन प्रतिवद्ध : मुख्यमन्त्री सिंह



सप्तरी । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह आज आफ्नो निर्वाचन क्षेत्रअन्तर्गत विभिन्न स्थानमा दिनभर भेटघाट कार्यक्रममा व्यस्त रहे।

मुख्यमन्त्री सिंहले सप्तरीको महदेवा गाउँपालिका-५ दुर्गापुर, तिलाठी कोइलाडी गाउँपालिका-५ बनरझुला, वडा नं. ३ सकरपुरा र वडा नं. १ भन्सार चौकमा स्थानीय नागरिकहरूसँग प्रत्यक्ष भेटघाट गर्दै छलफल गरेका हुन्।

कार्यक्रममा स्थानीय समस्या, विकास-निर्माणका प्राथमिकता तथा जनताका अपेक्षाबारे नागरिक र मतदाताहरूले आफ्ना धारणा, सुझाव तथा मागहरू राखेका थिए। ती प्रश्नहरूको जवाफमा मुख्यमन्त्री सिंहले प्रदेश सरकार सुशासन, विकास र जनकल्याणका कार्यक्रमप्रति प्रतिबद्ध रहेको स्पष्ट पारे।

समस्याहरूको समाधानका लागि सम्बन्धित निकायमार्फत प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिने आश्वासन दिँदै उनले युवाहरूलाई नेतृत्वदायी भूमिकामा अघि बढाउन आफू निरन्तर लागिपरेको बताए। संघीयताको रक्षा र मजबुतीका लागि प्रदेश सरकार दृढतापूर्वक खडा रहेको मुख्यमन्त्री सिंहको भनाइ थियो।

सो अवसरमा मुख्यमन्त्री सिंहले वडा दशैंको शुभकामना व्यक्त गर्दै सम्पूर्ण नागरिकको सुख, शान्ति र समृद्धिको कामना गरेका छन्।

## अशोक राई र रिजवान अन्सारीको पार्टीबीच एकताका लागि छलफल



काठमाडौं । जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राई र संघीय गणतान्त्रिक गठबन्धनका संयोजक, नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वगृह राज्यमन्त्री मोहम्मद रिजवान अन्सारीबीच करिब १ घण्टा ३० मिनेट लामो विशेष भेटवार्ता सम्पन्न भएको छ ।

भेटवार्तामा हालको राष्ट्रिय राजनीतिक परिस्थिति, जेन्जी आन्दोलनको समीक्षा र त्यसबाट उत्पन्न राजनीतिक अवस्था, संसद विघटन, अन्तरिम सरकारको गठन र सो सरकारले घोषणा गरेको फागुन २१ गतेको निर्वाचन बारे गहन छलफल भएको बताइएको छ।

साथै, आन्दोलनले उठाएका मागहरूको सम्बोधन गर्न संवैधानिक मार्ग, र भविष्यको राजनीतिक स्थिरताबारे समेत व्यापक विचारविमर्श गरिएको छ ।

दुवै नेताबीच कार्यगत सहकार्यलाई अझ सुदृढ गर्दै, क्रमशः कार्यगत एकता, मोर्चा निर्माण हुँदै पार्टी एकतासम्म अगाडि बढ्ने रणनीतिमा छलफल अगाडि बढाउने सहमति भएको छ। मुलुकलाई लोकतान्त्रिक मूल्य, सामाजिक न्याय, र समावेशी राज्यव्यवस्थाको बाटोतर्फ लैजाने साझा अठोट समेत व्यक्त गरिएको छ।

नेताहरूले पहिचान, संघीयता, धर्मनिरपेक्षता, संघीय लोकतान्त्रिक गणतन्त्र र संविधानमा प्राप्त उपलब्धिहरूको रक्षा गर्दै थप उपलब्धि हासिल गर्नका लागि वृहत् राजनीतिक शक्ति निर्माणको अपरिहार्यता औंल्याएका छन्।

यस भेटघाटलाई राजनीतिक वृत्तले आगामी दिनमा नयाँ राजनीतिक समीकरण र शक्तिशाली वैकल्पिक मोर्चा निर्माणतर्फको संकेतका रूपमा लिएको छ ।

## जेनजी आन्दोलनमा सहादत प्राप्त गरेका शहीद परिवारलाई मधेश सरकारले साढे दुई लाख दिने

जनकपुरधाम । जेनजी आन्दोलनका क्रममा सहादत प्राप्त गरेका मधेश प्रदेशका शहीद परिवारलाई मधेश सरकारले दुई लाख ५० हजार रुपैयाँ प्रदान गर्ने निर्णय गरेको छ ।


मधेश प्रदेश सरकारको शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले आन्दोलनमा सहादत प्राप्त गरेका मधेश प्रदेशमा स्थायी बसोबास रहेका शहीदका परिवारलाई थप राहतस्वरूप प्रति परिवार दुई लाख पचास हजार रुपैयाँ प्रदान गर्ने निर्णय गरेको हो ।

यसैगरी, मन्त्रिपरिषद् बैठकले सुशासन र भ्रष्टाचार नियन्त्रणको मागसहित भएको जेन-जी आन्दोलनका क्रममा सहादत प्राप्त गरेका शहीदहरुप्रति मधेश प्रदेश सरकारद्वारा भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ ।

आन्दोलनका क्रममा घाइते भएकाहरुप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उनीहरुको प्रभावकारी उपचार प्रबन्ध मिलाउनुपर्ने, प्रदर्शनका क्रममा भएको अकल्पनीय भौतिक र मानवीय क्षतिप्रति दु:ख प्रकट गरेको छ ।

जेनजीको शान्तिपूर्ण आन्दोलनमा घुसपैठ भई सरकारी तथा निजी सम्पत्तिमा गरिएको आगजनी, तोडफोड र क्षतिको घटनामा संलग्न व्यक्तिहरुको पहिचान गरी कानूनी कारबाही अघि बढाउनुपर्ने माग गरेको छ ।

जेनजी पुस्ताले अघि सारेका मागहरूको समाधान वर्तमान संविधानकै दायरा भित्र रहेर खोजिनुपर्ने मधेश सरकारको धारणा रहेको छ ।



## सम्पादकीय

# यो दशैंले स्थायित्व ल्याओस्

नेपाल अहिले गम्भीर संकटको घडिबाट गुज्रिरहेको छ। हालै भएको जेनजी आन्दोलनले देशमा ठूलो मानवीय तथा भौतिक क्षति भएको छ। नेपालीहरुको महान पर्व विजया दशमी शुरू भइसकेको छ। १५ दिन लामो यो पर्वलाई सद्भावको मात्र नभएर असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा समेत मनाइने गररिन्छ । यो आस्थाको प्रतीक मात्र नभएर शक्ति, सहिष्णुता, सद्भावलगायतप्रतिको समर्पण पनि हो। पौराणिक कथाहरूमा दशैं पर्वका अनेकन महिमा छन्। यसको धार्मिक आस्था एकातिर छ। धर्मसंगै दशैंजस्ता पर्वलाई वर्षभरी कामको थकानबाट मुक्ति पाउन केही दिन रमाइलो गर्ने पर्वका रूपमा पनि व्याख्या गरेको पाइन्छ। जसले जसरी व्याख्या गरेपनि परापूर्वदेखि मनाइदै आएको यो पर्वलाई राज्यले समेत महत्व दिएको देखिन्छ।

नेपालको वर्तमान अवस्था राजनीतिक रूपले अन्योलग्रस्त र अस्थिर प्रकृतिको छ भने सांस्कृतिक विचलनको लहरले पनि सामाजिक सद्भाव, सहिष्णुता र एकतावद्ध भावना नै खलबल्याउने चेष्टा गरिरहेको छ। आमूल राजनीतिक परिवर्तनको लहरले मुलुकको समग्र क्षेत्र कुनै न कुनै रूपमा प्रभावित भइरहेको बेला नेपालको सामाजिक सद्भाव र मेलमिलापको राष्ट्रिय संस्कृतिविरूद्ध विधर्मीका सुनियोजित षड्यन्त्रका खेलहरू अनेक प्रसंगसँग जोडिएर आएका छन्। जातिगत, भाषागत, धर्मगत, संस्कृतिगत र क्षेत्रगत विभेदका लहरहरू निर्देशित रूपमा नै उठाएर नेपालको राष्ट्रिय एकता र अखण्डतामाथि नै आँच ल्याउने गरी अनेक गतिविधिहरू परिचालित हुँदै आएकाले सांस्कृतिक विचलनको गति तीब्रतर छ र त्यसले राष्ट्रिय समस्याकै रूप लिदैं गएको छ।

सामाजिक-सांस्कृतिक सद्भावको आधार नै खलबल्याएर निषेधको कुसंस्कार जागृत गराई नेपालको सांस्कृतिक ऐक्यवद्धतालाई विशृङ्खलित पार्ने षड्यन्त्रात्मक प्रयासहरू निरन्तर जारी छन्। नेपालको पवित्र भूमि सबै जातजाति, भाषाभाषी, वर्ग, सम्प्रदाय र समुदायको साझा सम्पदा हो भने बडा दशैं पनि सबै नेपालीको सांस्कृतिक धरोहर हो। राष्ट्रिय चाडपर्वका रूपमा बडा दशैंको सांस्कृतिक विशिष्टता जोगाइराख्नु राष्ट्रिय एकता र आवश्यकताको सम्बर्धन गर्नु हो। बडा दशैंको शुभ सन्देश भनेको आमनेपाली जनताबीच सद्भावना, मेलमिलाप, सहअस्तित्वबोध र ऐक्यवद्ध सांस्कृतिक चेतको जागरण नै हो। शान्ति, सुख र समृद्धिको मानवीय चाहना सामाजिक-सांस्कृतिक सद्भावबाट मात्र पूरा हुनसक्छ। वियोग र विछोडको अवस्थालाई संयोग र मिलनको अवस्थामा पुऱ्याउने र खराब प्रवृत्तिमाथि विजय प्राप्त गरी असल जीवनशैली अनुशरण गर्न प्रेरित गर्ने बडा दशैंको शुभ सन्देश सदा सर्वदा जीवनोपयोगी छ। सत्ता स्वार्थको विकृतिजन्य राजनीतिक अभ्यासले सिंगो समाज ग्रस्त भएको वर्तमान सन्दर्भमा बडा दशैं तथा विजया दशमीको सद्भाव, एकता र मेलमिलापको परम्परागत रूपमा अविरल प्रवाहित सन्देशले सबै नेपालीको मन-मस्तिष्कमा उज्यालो ल्याओस् र ऐक्यवद्ध सांस्कृतिक चेत जागृत गरोस्। यही नै हाम्रो शुभकामना।

# संविधान संशोधनको बहस र नेतृत्वको परीक्षा



रमेश कुमार बोहोरा

नेपालको राजनीतिक अस्थिरता झण्डै दुई दशकदेखि निरन्तर चलिरहेको छ। २०७२ सालमा संविधान जारी भए पनि त्यसको कार्यान्वयनका क्रममा उठेका विवाद, राजनीतिक अस्थिरता र जनस्तरमा देखिएको असन्तुष्टि अहिले फेरि तीव्र बनेको छ। संविधानले प्रदान गरेको अधिकार, संरचना र मूल्यका विषयमा राजनीतिक दलको असहमति र नेतृत्वको अस्थिरताले जनतामा गहिरो निराशा थपेको छ। भदौ २३ र २४ गते देशभरि उर्लिएको जेन-जी आन्दोलन त्यसको प्रत्यक्ष संकेत हो। युवापुस्ताको आक्रोश र असन्तोषले देशलाई गम्भीर राजनीतिक भुमरीमा ल्याएको छ। आन्दोलनको प्रारम्भिक माग भ्रष्टाचार नियन्त्रण, सरकारी कार्यशैलीमा पारदर्शिता र प्रशासनिक सरलीकरण थियो। तर आन्दोलन विस्तारै संवैधानिक संरचना र राजनीतिक संस्कारमै प्रहार गर्ने दिशामा उन्मुख भयो। सार्वजनिक सम्पत्तिमा आक्रमण, आगजनी र तोडफोडले अर्थतन्त्रलाई ठूलो धक्का पुगे पनि नागरिक समाज र विश्लेषकहरूले यसलाई केवल आक्रोशको विस्फोट होइन संवैधानिक विमर्शको संकेतको रूपमा लिएका छन्।

नेपालको संविधान लोकतान्त्रिक मूल्यमा आधारित रहे पनि यसको कार्यान्वयनले बारम्बार प्रश्न खडा गरेको छ। संसद, कार्यपालिका, संघीय संरचना, संवैधानिक निकाय र न्यायपालिकाको भूमिकाप्रति जनतामा विश्वासको कमी देखिनु यसको प्रमुख उदाहरण हो। राजनीतिक दलहरूले संवैधानिक प्रावधानलाई आफूअनुकूल प्रयोग गरेको, शक्ति सन्तुलनभन्दा पद र भागबन्डामा ध्यान केन्द्रित गरेको आरोप बलियो छ। यही कारण अहिले संविधान संशोधनको बहस पुनः चर्किएको छ। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको माग, गैरसांसद मन्त्रीको सम्भावना, प्रदेश सरकारको आवश्यकता, संवैधानिक नियुक्तिमा पारदर्शिता र न्यायपालिकाको स्वतन्त्रता यी पाँच मुद्दा अहिलेको राजनीतिक बहसको केन्द्रमा छन्। तर समाधानको बाटो संविधानका शब्दमा मात्रै सीमित छैनल। राजनीतिक संस्कारमा सुधार र नेतृत्वको इमानदारिता नै मूल प्रश्न हो। हालको संसदीय प्रणालीले प्रधानमन्त्रीलाई संसदको बहुमतमा आधारित बनाउँछ। दलको संसदीय दलको नेता वा बहुमत जुटाउन सक्षम सांसद प्रधानमन्त्री हुन्छन्। यो व्यवस्था जनप्रतिनिधित्वको आधारमा बनेको भए पनि राजनीतिक अस्थिरताले जनतामा निराशा छाएको छ। २०७२ सालदेखि आजसम्म सरकारले बारम्बार परिवर्तन भोगेको तथ्य यसलाई पुष्टि गर्छ। सुशील कोइरालादेखि केपी शर्मा ओलीसम्म र त्यसपछि आएका सरकारसम्म प्रधानमन्त्रीको सिट निरन्तर बदलिँदै गयो। मन्त्रिपरिषद् फेरबदलको संख्या अझै बढी रह्यो जसले नीति, नियम र सेवा वितरणमा निरन्तरता देखाएन जनताले राजनीतिक स्थिरताको अभाव मात्र होइन, नीतिगत अस्थिरता पनि भोगिरहेका छन्। योजनाहरू अधूरा छन् प्राथमिकताहरू बदलिँदै जान्छन् र नागरिकमा विश्वासको संकट गहिरिँदै गएका छन्। यही कारण प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको माग उठ्दै आएको हो। नागरिकलाई ठोस निर्णय लिने र नीति निरन्तरता दिने शक्तिशाली कार्यकारीको आवश्यकता महसुस भइरहेको छ।

तर प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री कुनै रामबाण हो भन्ने ग्यारेन्टी छैन। स्थानीय तहमा प्रमुख वा अध्यक्ष प्रत्यक्ष निर्वाचित हुने व्यवस्था छ। तर धेरै स्थानमा लोकप्रियतावादको आडमा व्यक्तिगत प्रभुत्व जमाउने प्रवृत्ति देखिएको छ। विश्वका उदाहरणले पनि प्रत्यक्ष निर्वाचित कार्यकारी एकपटक सत्तामा पुगेपछि उसलाई हटाउन कठिन हुने देखाउँछन्। नेपालजस्तो भू-राजनीतिक रूपमा संवेदनशील देशमा कुनै कार्यकारीले विदेशी शक्तिको पक्षपोषण गरेमा त्यसलाई नियन्त्रण गर्न संसदसँग सीमित औजार मात्र रहनेछ। यो जोखिमलाई नजरअन्दाज गर्न सकिँदैन समस्या प्रणालीमा मात्र होइन नेतृत्वको सोच, सक्षमता र नैतिकतामा पनि छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी प्रत्यक्ष निर्वाचित नभए पनि स्थिर सरकार सञ्चालन गरिरहेका छन्। यसैले प्रत्यक्ष निर्वाचित प्रणाली ल्याउने कि नल्याउने भन्दा पनि जनप्रतिनिधिको जवाफदेहिता, इमानदारिता र राजनीतिक प्रतिबद्धता सुनिश्चित गर्नु नै प्राथमिकताको विषय हो।

अर्को बहस गैरसांसदलाई मन्त्री बनाउने हो कि होइन भन्नेमा केन्द्रित छ। हालको प्रावधानअनुसार मन्त्री बन्न संसदको सदस्य हुनु आवश्यक छ। यसले कार्यपालिका र व्यवस्थापिकाबीच घनिष्ठ सम्बन्ध कायम राख्छ तर यो घनिष्ठता कहिलेकाहीं अस्वस्थ प्रतिस्पर्धामा बदलिन्छ। सांसदहरू मन्त्री बन्ने आकांक्षामा केन्द्रित हुन्छन् जसले नीति निर्माणभन्दा पनि सत्ता समीकरणलाई प्राथमिकता दिन्छ। प्रधानमन्त्रीले पनि पद सुरक्षित राख्न मन्त्रालय वितरणको खेल खेल्छन्। यसले पेशागत दक्षताभन्दा पनि राजनीतिक समीकरणलाई बढावा दिएको छ। यदि गैरसांसदलाई मन्त्री बनाउन सकिने व्यवस्था भए प्रधानमन्त्रीले पार्टीभित्रको दबाबभन्दा बाहिर गएर विषयविज्ञ र इमानदार व्यक्तिलाई मन्त्री बनाउन सक्थे। यसले नीति कार्यान्वयनमा पेशागत दक्षता ल्याउन सक्थ्यो। संसदले सरकारको निगरानी गर्ने अधिकार भने यथावत रहने थियो। तर संसदसँग प्रत्यक्ष सम्पर्क नभएका मन्त्रीहरूले नीतिगत कार्यान्वयनमा कठिनाइ भोग्न सक्ने जोखिम पनि छ। राजनीतिक वैधतामा प्रश्न उठ्न सक्ने भएकाले यस्तो प्रणालीलाई पाइलट प्रोजेक्टको रूपमा परीक्षण गरेर मात्र अगाडि बढाउनु उपयुक्त देखिन्छ।

अर्को बहस प्रदेश सरकारको खारेजी वा सुधारमा छ। २०७२ सालको संविधानले संघ, प्रदेश र स्थानीय तहमा सरकार गठनको व्यवस्था गर्दै शक्ति विकेन्द्रीकरणको बाटो समातेको हो। तर पछिल्ला वर्षहरूमा प्रदेश सरकारलाई अनावश्यक खर्चिलो संरचनाको रूपमा चित्रण गर्ने प्रवृत्ति बढेको छ। सरकार बनाउने र गिराउने खेल, मन्त्री बन्ने होड, मन्त्रालयको अस्वाभाविक विस्तार र स्रोतको दुरुपयोगले जनस्तरमा असन्तोष बढेको छ। कतिपयले प्रदेश सरकारलाई केन्द्रको नक्कल मात्र देख्छन्। प्रदेश खारेज गर्नु औंलामा घाउ लाग्दा हात काट्ने जस्तै हो। संघीयता ल्याउनुको मुख्य उद्देश्य सिंहदरबार केन्द्रित शासनको अन्त्य र जनतालाई नजिकबाट सेवा पुऱ्याउनु हो। कर्णाली वा सुदूरपश्चिमका जनप्रतिनिधिले बजेट माग गर्न काठमाडौं धाउनुपर्ने अवस्था संघीयता आएपछि कम भएको छ। संघीयता खारेज गर्नु भन्दा सुधार गर्नु आवश्यक छ। प्रदेश मन्त्रिपरिषद्को आकार सीमित गर्ने, मन्त्रालयलाई प्रदेशको विशेषता अनुसार मात्र राख्ने, खर्च नियन्त्रण गर्ने जस्ता संवैधानिक सुधार जरुरी छन्। समस्या संघीयताको अवधारणामा होइन, त्यसको कार्यान्वयनमा देखिएको कमजोरीमा छ।

अर्को मुद्दा संवैधानिक नियुक्तिमा पारदर्शिता हो। निर्वाचन आयोगदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्मका निकाय लोकतान्त्रिक शासनका मेरुदण्ड हुन्। तर नियुक्ति प्रक्रियामा दलगत भागबन्डा, शक्ति सन्तुलन र राजनीतिक निकटतालाई आधार मानेर नियुक्ति हुने आरोप बलियो छ। तत्कालीन ओली सरकारले अध्यादेशमार्फत ५२ जना संवैधानिक पदाधिकारी नियुक्त गर्दा उठेको विवाद यसको उदाहरण हो। योग्य व्यक्तिलाई पाखा लगाएर दल नजिकका अनुहारलाई प्राथमिकता दिइएको धारणा छ। यस्ता विवादले संस्थाको विश्वसनीयता मात्र होइन लोकतान्त्रिक शासनको मेरुदण्ड कमजोर पार्छ। त्यसैले नियुक्ति प्रक्रियामा स्पष्ट मापदण्ड, सार्वजनिक सुनुवाइ र योग्यताको प्रमाणित आधारलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ। योग्य व्यक्तिलाई नेतृत्वमा ल्याउने र नागरिकको विश्वास पुनःस्थापित गर्ने यही बाटो हो।

अर्को बहस न्यायपालिकाको स्वतन्त्रतासँग सम्बन्धित छ। संविधानले न्यायपालिकालाई लोकतान्त्रिक शासनको मेरुदण्डका रूपमा मान्यता दिएको भए पनि पछिल्ला वर्षहरूमा न्यायपालिका नै सर्वाधिक आलोचनाको केन्द्र बनेको छ। विवादास्पद फैसला, ढिलो न्याय र राजनीतिक प्रभावमा नियुक्त भएका न्यायाधीशहरूको कार्यशैलीले न्यायपालिकाको विश्वसनीयता कमजोर बनाएको छ। न्यायाधीश नियुक्तिमा दलगत सन्तुलन र व्यक्तिगत निकटतालाई प्राथमिकता दिइनु न्यायको गुणस्तरमा प्रत्यक्ष असर पार्छ। यसलाई रोक्न न्याय परिषद्को संरचना र कार्यशैलीमा सुधार अनिवार्य छ। भारतको कलेजियम प्रणाली जस्ता तुलनात्मक अभ्यासबाट सिकेर राजनीतिक हस्तक्षेप हटाउने व्यवस्था आवश्यक देखिन्छल। न्यायिक निर्णयमा समयबद्धता र गुणस्तर सुनिश्चित नगरेसम्म नागरिकले अन्य राज्य अंगमा भरोसा राख्न सक्दैनन्।

जेन-जी आन्दोलनले देखाएको असन्तोष केवल तत्कालीन घटनामा सीमित छैन। यो नेपालको संवैधानिक अभ्यास र राजनीतिक संस्कृतिको गहिरो समस्या हो। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको बहस होस् वा गैरसांसद मन्त्रीको सम्भावना, प्रदेश सरकारको सुधार होस् वा संवैधानिक नियुक्ति र न्यायपालिकाको स्वतन्त्रता यी सबैको समाधान केवल संविधान संशोधनले मात्र सम्भव हुँदैन। मूल समस्या राजनीतिक नेतृत्वको निष्ठा, इमानदारिता र जवाफदेहितामा छ। अस्थिरता, पदलोलुपता र भागबन्डाको संस्कृतिले कुनै पनि संरचना कमजोर पार्छ। त्यसैले संवैधानिक सुधारसँगै राजनीतिक संस्कारको सुधार अपरिहार्य छ।

नेपाल जस्तो बहु-विविधतायुक्त देशमा स्थायित्व ल्याउने उपाय संरचना खारेज वा प्रतिस्थापन मात्र होइन, संस्थागत अभ्यासलाई सुदृढ बनाउनु हो। संसद, कार्यपालिका, संघीय संरचना, संवैधानिक निकाय र न्यायपालिका सबैले आफ्नो अधिकार र दायित्व इमानदारीपूर्वक निर्वाह गरे मात्र लोकतन्त्र बलियो हुन्छ। आजको मूल प्रश्न संविधानको प्रावधान होइन, संविधानप्रति राजनीतिक नेतृत्वको निष्ठा हो। आगामी यात्रामा नेपालको लोकतान्त्रिक स्थायित्व र राजनीतिक संस्कार दुवैमा सुधार गर्ने साहसिक निर्णय लिनु अपरिहार्य छ। नागरिकको आक्रोशले चेतावनी दिइसकेको छ संविधानको अक्षरलाई मात्र होइन यसको आत्मालाई सम्मान नगरेसम्म स्थिरता र समृद्धिको सपना अधुरै रहन्छ।

नेपालको संविधान संशोधनको बहसले सतहमा उठाएका विषयहरू गहिरो छन्। प्रत्यक्ष निर्वाचित कार्यकारीको सम्भावना, गैरसांसद मन्त्रीको सवाल, प्रदेश सरकारको भविष्य, संवैधानिक निकायको नियुक्ति प्रक्रिया र न्यायपालिकाको स्वतन्त्रता यी सबैको जड राजनीतिक चरित्रमै छ। संविधानको आत्मा केवल कागजी प्रावधान होइन कार्यान्वयनको इमानदार अभ्यास हो। नेतृत्वले जनतालाई जवाफदेही र नीतिगत स्थिरता दिन सक्ने हो भने संविधानको संरचना आफैं बलियो बन्न सक्छ। नभए फेरि जुनसुकै संशोधन पनि असफल हुनेछ। जेन-जी आन्दोलनले दिएको चेतावनी यही हो सत्ता खेलभन्दा माथि उठेर देशको भविष्यका लागि इमानदार निर्णय लिनु नेतृत्वको पहिलो कर्तव्य हो।

*(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)*

# फागुनको चुनावले पनि यो मुलुकमा स्थायित्व दिँदैन, संविधान नै त्यस्तो बनेको छ

यो राजनीतिक दलहरूको लोकतान्त्रिकीकरण र निर्वाचन प्रणाली यो दुई वटा कुरालाई हिट नगरेको हुनाले अब आउने निर्वाचनपछिको रिजल्ट पनि पहिले जस्तै हुने हो । धेरैतिर स्वतन्त्रले जित्छन् । तर संसद्भित्र गएको ६-८ महिनामा हायलकायल हुन्छन् । त्यसमध्ये आधा त भ्रष्टाचारमा लिप्त होलान् ।



## सुबोध प्याकुरेल

**अधिकारकर्मी**

**० सबै संरचना भएको देश करिब आठ घण्टामै कसरी कब्जा भयो होला भनेर मानिसहरू आश्चर्य व्यक्त गर्छन् । यसलाई कसरी लिन सकिन्छ ? कि कब्जा भएको होइन ?**

– यो देश त आतङ्कको कब्जामा परेको हो । चाहे राज्य भन्नुस्, चाहे आन्दोलनकारी भन्नुस् ।

**० यो आन्दोलन होइन त ?**

– हिन्दुस्तानका प्रख्यात पत्रकार रविश कुमारले 'आन्दोलन उत्सव हो, हिंसा विध्वंस' भन्नुहुन्छ । आन्दोलन गर्दा उत्सवका रूपमा हुनुपर्छ, रमाइलोसँग हाँसीहाँसी प्रतिबद्धतालाई मुक्त स्वरले प्रकट गर्ने काम आन्दोलनले गर्छ, तर हिंसाले जसरी पनि जसको विरोध गरेको हो, त्यसलाई समाप्तै पार्ने, त्यसको पहिचान, सङ्गठन, आधार वा भोलि त्यसले कब्जा गरेर राखेको आफ्नो अधिकार क्षेत्रलाई पनि ध्वस्त पार्ने गर्छ । आफ्नो खुट्टा आफैँ टुक्रयाउने गर्छ । हिंसा विध्वंसकारी हुन्छ र विध्वंसले विध्वंसको बिउ रोप्छ ।

**० यो क्रान्ति कि हिंसा हो त ?**

– क्रान्ति नै आन्दोलन हो वा आन्दोलन पनि क्रान्ति हो । जब यसले आमूल परिवर्तनको माग गर्छ, त्यो क्रान्ति हुन्छ । जब यसले कुनै खास विषयलाई छुन्छ, त्यो आन्दोलन हुन्छ । धेरै आन्दोलनको समष्टि नै क्रान्ति हो । त्यसैले आन्दोलनको सारवस्तुलाई राम्ररी चिन्ने, बुझ्ने, समाधान गर्ने, आन्दोलनले उठाएका विषयहरूलाई सरलतापूर्वक ग्रहण गर्ने र तार्किक समाधान आम नागरिकले बुझ्ने गरी प्रकट गर्ने काम अगुवाहरूले, नेताहरूले गर्नुपर्छ ।

यो काम उनीहरूले गर्न सक्छन्, जो आलोचनाप्रति बिल्कुल उदार हुन्छन् । आलोचना भन्नुको अर्थ विरोध होइन, विप्लव वा हिंसा पनि होइन । यो सहृदयता हो, अपेक्षाको सँगालो हो, जसले यथार्थलाई स्वीकार गर्छ वा मैले भनेको कुरा सही हो कि होइन भन्ने कुरामा चित्त बुझाइदिन्छ भन्ने लाग्छ, त्यसको आलोचना गरिन्छ ।

**० भदौ २३ र २४ गते दुवै पक्षबाट राज्य कब्जा भयो यसको मतलब ?**

– राज्य त सरकारले कब्जामा राखेकै हुन्छ, किनभने बलको एकाधिकार सरकारसँगै हुन्छ ।

**० यस्तो स्थिति कसरी आयो ?**

– ०४६ सालदेखि यता ०८२ सम्म आइपुग्दा सबै राजनीतिक दल, विशेषगरी कांग्रेस र एमाले, ती दलहरूमा आदर्श चरित्र भएका मान्छेहरूलाई एकपछि अर्को गर्दै पाखा लगाउने काम भयो । मान्छेले हेर्दाखेरि शेरबहादुर देउवा, केपी ओली, पुष्पकमल दाहाल यी तीन वटा अनुहारमात्रै छन् । म्युजिकल चेयर चल्यो, जनताको कुरा सुन्ने ढाँचा, शैली र अभिव्यक्ति उनीहरू तीनै जनाको भएन ।

**० अहिलेको अवस्थामा नेतृत्वको कमजोरी चाहिँ दुवै पक्षकै देखियो हैन त ?**

– नेताहरूको कमजोरी आजको होइन, ३६ वर्षको सञ्चित कमजोरी हो । हरेक पार्टीमा पार्टीको हित चिताएर काम गर्ने सबै मान्छे पाखा लागे । नेताहरूको एकलौटी भयो । त्यसको असन्तुष्टिको फाइदा यिनीहरूले उठाए ।

**० २३ गतेको घटना पनि त फेरि दर्दनाक नै हो नि, हैन ?**

– एउटा प्रजातान्त्रिक देशमा यो तरिकाको दमन अकल्पनीय हो । सरकारले जिम्मा लिनै पर्छ । भोलिपल्ट अभिभावक आक्रोशित भए, मारिएकाका साथी-दौंतरी आक्रोशित भए । जसले देखे, तिनीहरू पनि आक्रोशित भए । त्यो आक्रोशितलाई भजाएर ध्वस्त गर्नेहरूले मनपरी गरे ।

**० सुरक्षा निकायको भूमिकामाथि पनि बहस छ नि अहिले, तपाईंलाई कस्तो लाग्छ ?**

– हाम्रो देशको प्रहरीको मनोबल खस्किएको छ । हरेक निकायको मनोबल यिनले खस्काइसके । दलका नेताहरू सबै मस्त गफमा, उनीहरूलाई मेरो हुकुम चल्छ भन्ने लाग्यो । निराशा त चरमचुलीमा थियो । मान्छेले सोचे कि अब लगातार गएको तीन वटा सरकार हेर्नुभयो भने हरेक सरकारको एजेन्डामा सुशासन छ, तर सबभन्दा बिग्रेकोचाहिँ सुशासन छ ।

**० यसको मतलब सेना अथवा हाम्रो सुरक्षा निकायले पनि छोडिदियो ? उनीहरूमा पनि नेताले अति गरे भन्ने लाग्यो ?**

– मैले थाहा पाए अनुसार सेटबाट 'आफूलाई जोगाऊ' भनियो । २३ गते नै सुरक्षा निकायले सबै प्रहरीलाई 'आफूलाई जोगाऊ' भन्यो । शीतल निवासको कुरा गर्छु । विप्लव गर्नेहरू छिरे, तिनीहरूको संख्या १०० जना पनि थिएन । तिनीहरू मूलगेटबाट छिर्दा मूलगेटको आर्मीले केही गरेन, लरक्कै ढोका खोल्न दियो । तिनीहरू खुरुखुरु पश्चिम लागे । उनीहरूको काम फर्केर आएर रोक्नु थियो, कमसेकम सम्झाउनु थियो, आफ्नो परमाधिपतिलाई । गरेनन् नि, लुसुक्क छोडेर हिँडे । जो पिठ्यूँ फर्काएर गएनन्, तिनीहरूले कुटाइ खाए, मारिए ।

**० वितृष्णा थियो भनेर पछि हट्न मिल्छ त देश जोगाउने कुरामा ?**

– सेनाले दिने जवाफ के हुनेछ भने, सुरक्षा परिषद्को निर्णय बसेर मलाई निर्णय आएन । तर त्यो त काइते कुरा हो नि । संविधानले नै सेनालाई जिम्मेवारी दिएको छ नि । यसरी भन्ने सेनाले भोलि हामीमाथि कुनै आक्रमण बाहिरबाट भयो भने के गर्छ ? सुरक्षा परिषद्को बैठकको निर्णय पर्खेर बस्छ कि परिचालित हुन्छ ? प्रधानसेनापतिले बोलाएर विभिन्न समूहसँग बैठक गरे । संविधानको हवाला दिने, मलाई आदेश छैन भन्नेले त्योचाहिँ आदेश कसले दियो त उसलाई ? दोस्रो कुरा, सेनाले बैठकमा कस-कसलाई बोलायो ? अहिले पनि अभियुक्त त हो नि दुर्गा प्रसाईं । उनलाई के हैसियतमा बोलायो उसले ? राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपाका मान्छेलाई के हैसियतमा बोलायो ? जवाफ त दिनुपर्छ ।

**० यो आन्दोलनबाट फाइदा कसलाई भयो ? बेफाइदा कसलाई भयो ?**

– अस्थिरताको बिउ रोप्न चाहनेहरूले संविधान सभामार्फत पनि अस्थिरता रोपे । उग्र सोच भएकाहरूले पनि रोपे । त्यसमा माओवादीको हात छ । उसले त १३ वटा, १४ वटा प्रदेश, सब जातीय प्रदेश ! कुन प्रदेशमा कुन जातको बहुमत छ भन्या ? कुनै जिल्ला देखाइदिनुस् न मलाई । नभएको कुरो कल्पना गरेर उरालिदिन्छन् । अब यो आन्दोलन जो जेनजीले गरेको छ, उनीहरूको मुख्य एजेन्डा त जम्मा दुई वटा हो । एउटा भ्रष्टाचारविरोधी आन्दोलन हो त्यो । अर्को सुशासनको आन्दोलन हो । सुशासनबाट उनीहरू पीडित छन् । हाम्रो पुस्ताका मान्छे त कि चिनजानका मान्छे खोज्छन् । भएन भने बिचको लेखनदास, फेकनदास कसैलाई खोज्छन् र 'खाओस् है दुई-चार हजार' भन्छन् । काम निकाल्छन्, हिँड्छन् । अबको पुस्ता त्यो सहँदैन । किन सहँदैन भने ऊ त कम्प्युटर पुस्ता हो । एउटा क्लिक दाब्दा ढ्याक्क रिपोर्ट खोज्छ ।

**० यो बिचमा हाम्रो राष्ट्रपतिको भूमिकाको बारेमा के छ तपाईंको भनाइ ?**

– तीनचार दिनसम्म त राष्ट्रपति हराउनुभयो नि । तर राष्ट्रपतिले अहिले जे गर्नुभएको छ, योभन्दा बाहेकको उपाय उहाँसँग थिएन । किनभने अर्को कुनै पोलिटिकल मोरालिटीको हिसाबले, राजनीतिक नैतिकताको हिसाबले उहाँले आड लिने अर्को कुनै छैन अहिले । एकल राष्ट्रपति हुनुहुन्छ । आतंकको वातावरणमा हुनुहुन्छ र उहाँले यो बेलामा सुशीला कार्कीलाई जो छान्नुभयो, त्योचाहिँ एउटा बहुतै बुद्धिमत्तापूर्ण काम गर्नुभयो भन्ने मलाई लाग्छ ।

**० सरकारले छ महिनामा निर्वाचन गराउन सम्भव छ ? अहिलेको सरकारले सक्छ ?**

– निर्वाचन गराउन सकिन्छ । हाम्रो निर्वाचन आयोग त्यस हिसाबले सक्षम छ । जनताहरू जागृत भएको बेला छ । मतदाता नामावली पनि अपडेट हुन्छ, सबै डिजिटाइज छ ।

**० दलहरूले मानेनन् भने ?**

– दलहरूले नमाने पाखा लाग्छन् । अरू उपाय के छ र ? दलहरू सहभागी हुन्छन् । निर्वाचनमा हुन्छ ।

**० परिणाम के होला त निर्वाचनपछि ?**

– फागुनको चुनावले पनि यो मुलुकमा स्थायित्व दिँदैन । संविधान नै त्यस्तो बनेको छ । यो राजनीतिक दलहरूको लोकतान्त्रिकीकरण र निर्वाचन प्रणाली यो दुई वटा कुरालाई हिट नगरेको हुनाले अब आउने निर्वाचनपछिको रिजल्ट पनि पहिले जस्तै हुने हो । धेरैतिर स्वतन्त्रले जित्छन् । तर संसद्भित्र गएको ६-८ महिनामा हायलकायल हुन्छन् । त्यसमध्ये आधा त भ्रष्टाचारमा लिप्त होलान् । निराश हुन र बिग्रिन समय लाग्दैन । उग्र हुन पनि समय लाग्दैन । निराश हुन पनि समय लाग्दैन । पाउँदा के गर्दा रहेछन् भन्ने कुरा त भाटभटेनीको लुटपाट, यताउताले पनि देखियो ।

**० दलहरूको विकल्प पनि सम्भव छ र ?**

– अहिले असफल भएको, अलपत्र परेको त नेता हो नि त । नेतृत्व त होइन । दलको विकल्प कसरी हुन्छ र ? हुनै सक्दैन ।

**० आन्दोलनमा उत्रिएका नवयुवालाई केही सुझाव छ तपाईंको ?**

– जेनजीले एउटा सुविचारित, लोकतान्त्रिक, आदर्श, अनुशासित पार्टी कसरी बनाउने भनेर अहिले छलफल गर्नुपर्थ्यो । राजनीतिक विश्लेषक, विद्वान, अर्थशास्त्री, समाजशास्त्रीहरूसँग बसेर विहङ्गम छलफल गरेर पार्टी बनाएर राम्रोसँग सङ्गठन फैलाउँदै जाने हो भने यो छ महिनाभित्र यिनीहरूले धेरै चुनाव जित्न सक्छन् ।

*– रातोपाटीबाट*

# मधेश प्रदेशसभामा बिमला अन्सारीद्वारा जेनजी आन्दोलनप्रति समर्थन



काठमाडौं। नेपाल संघीय समाजवादी पार्टीकी केन्द्रीय उपाध्यक्ष, मधेस प्रदेश सभा सदस्य, संसदीय दलकी नेत्री तथा पूर्व गृह, कानुन तथा सञ्चार मन्त्री माननीय बिमला अन्सारीले प्रदेश सभाको छैटौं अधिवेशनको तेस्रो बैठकलाई सम्बोधन गर्दै हालै भएको जेनजी पुस्ताद्वारा प्रत्यक्ष जनताद्वारा निर्वाचित प्रधानमन्त्रीको मागसहित भएको ऐतिहासिक आन्दोलनप्रति समर्थन व्यक्त गरेकी छन्। उनले आन्दोलनलाई केवल राजनीतिक माग नभई समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रलाई सबल बनाउन, धर्मनिरपेक्षताको जग मजबुत पार्न, समानता र सामाजिक न्यायलाई संस्थागत गर्न र नेपाली समाजमा आमूल परिवर्तन ल्याउन गरिएको ऐतिहासिक अभियान भएको बताएकी हुन्।

शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको शुभकामना गर्नुभयो। साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक संवेदना पनि व्यक्त गरिन्।

अन्सारीले आन्दोलनमा प्रतिक्रियावादी, अतिवादी र यथास्थितिवादी शक्तिहरूले घुसपैठ गरी संसद भवन, सिंहदरबार, सर्वोच्च अदालत, प्रदेश सभा भवन तथा सरकारी संरचनाहरूमा आगजनी र तोडफोडजस्ता आपराधिक गतिविधि सञ्चालन गरेकोमा गहिरो आपत्ति जनाइन्।

उनले भनिन्, “यी गैरलोकतान्त्रिक कार्यहरूले आन्दोलनको गरिमालाई मात्र नभई सम्पूर्ण जनताको धरोहरलाई क्षति पुऱ्याएको छ। सरकारको कर्तव्य छ – यस्ता अपराधीलाई निष्पक्ष छानबिन गरी कडाभन्दा कडा कारबाही गर्ने।”

त्यसैगरी, उनले भदौ २३ र २४ मा सरकारले गरेको निर्मम दमन र त्यसपछिका हत्या, हिंसा, लुटपाट तथा आगजनीप्रति पनि कडा आपत्ति जनाएकी छन्। उनको भनाइमा लोकतन्त्रमा जनताको आवाजलाई सम्बोधन गरिनुपर्छ, दमन गर्न हुँदैन। त्यसैले उच्चस्तरीय स्वतन्त्र र निष्पक्ष छानबिन आयोग गठन गरी घटनाको सत्यतथ्य बाहिर ल्याउनुपर्ने माग गरेकी छन्।

उनले वर्तमान राजनीतिक तरल अवस्थाको फाइदा उठाउँदै प्रतिक्रियावादी र यथास्थितिवादी शक्तिहरूले संविधान र संघीयताको विरुद्धमा ‘संविधान खारेज गर, संघीयता खारेज गर’ भन्ने नारा लगाउनेसम्मको साहस गरेकोमा चिन्ता व्यक्त गरिन्।

उनले स्पष्ट पार्दै भनिन्, “हामी संविधानले दिएको संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, सामाजिक न्याय र समानताको मार्गदर्शनलाई हृदयंगम गर्दै, लोकतन्त्र र संविधानको रक्षा गर्न थप अधिकार प्राप्तिका लागि एकताबद्ध भएर अघि बढ्नेछौं।”

अन्त्यमा, अन्सारीले नजिकिँदै गरेको बडादशैं पर्वको अवसरमा सम्पूर्ण प्रदेशवासी तथा देशवासीमा शान्ति, समृद्धि, स्वास्थ्य, एकता र प्रगतिका लागि हार्दिक मंगलकामना व्यक्त गरिन्।

# ‘प्रहरीले दोषीलाई जोगाएर निर्दोष छोरालाई फसायो’



राकेश यादव, रौतहट। जिल्लाको कटहरिया नगरपालिका वडा नम्बर ५ निवासी राम चन्द्र दास सर्भङ्गले प्रहरीले दोषीलाई जोगाएर मेरो निर्दोष ३ छोरा माथि कर्तव्य ज्यान सम्बन्धि कसुरमा मुद्दा चलाएको आरोप लगाएका छन्। उनले घटनाका दोषीलाइ राजनीतिक दवावमा उम्काएको दावी समेत गरेका हुन्।

रौतहट जिल्लाको सदरमुकाम गौरमा पिडित परिवारले पत्रकार सम्मेलन गरि ईलाका प्रहरी कार्यालय गरुडाका तत्कालिन प्रमुख प्रहरी नायव उपरिक्षक राजन कार्कीले स्थानीय वडा नम्बर ४ निवासी मृतक नसिब बैठालाइ कुटपिट गर्ने कार्यमा संलग्नलाई जोगाएको आरोप लगाए।

गएको साउन १ गतेका दिन मोबाइल चोरी गरेको आरोपमा बैठालाइ हाथ खुट्टा बाधेर स्थानीय दिपलाल यादव, शिवनाथ यादवको छोरा संजय यादव र विजय यादव मिलेर गम्भीर रुपमा कुटपिट गरेको सुनाए। कुटपिट पछि ईलाका प्रहरी कार्यालय कटहरियामा भएको दुवै पक्ष बिचको छलफलमा नसिव बैठाले मोबाइल गर्भु दास सर्भङ्गले लिएको भनेको आरोप पुस्टि नहुदा छोरालाइ सफाई दिइएको र दिपलाल यादवलाइ प्रहरीले नियन्त्रणमा लिएको बताए।

पक्राउ परेका दिपलाल यादवलाइ आर्थिक प्रलोभन तथा नेताको दवावमा छोडेर घर भन्दा बाहिर रहेका २ छोरा प्रभु दास र शम्भु दास समेतमा घटनाको अनुसन्धान नै नगरी डिएसपि कार्कीले हत्या जस्तो गम्भीर मुद्दामा फसाएको दावी पुकारी देवीले गरिन। रक्सी, गाजा लगायतका लागु औषध सेवन गर्दै आएका नसिब बैठाको बुबाको निधन भएपछी क्रिया श्राद्धमा बसेको बेला कुटपिट भएको कारण बिरामी परि उपचारको क्रममा मृत्यु भएको उनले दाबी गरे।

पिडितका आमा पुकारी देवीले भनिन बढी नशा सेवन गरेको कारण मृत्यु भएको बैठाको कुटपिटमा मेरो ३ छोरा दोषी नरहेको भएपनि केहि बिरोधी व्यक्तिको उक्साहटमा प्रहरीले कर्तव्य ज्यान मुद्दामा फसाएको छ।

बैठाको गएको भाद्र ११ गते उपचारको शिलशिलामा निधन भएको थियो। स्थानीय शंकर साह कलवारले मुद्दा चलाइएका गर्भु, प्रभु र शम्भु निर्दोष भएको र प्रहरीले जानी जानी मुद्दा दर्ता गरेको बताए। संजय र विजय तथा दिपलाल यादवले मिलेर झुठो मोबाइल चोरीको आरोप लगाई निर्मम तरिकाले कुटपिट गर्दा तथा लागु पदार्थ सेवनको लत लागेकाले एकासी सेवन गर्न छोडेको कारण बिरामी परि बैठाको निधन भएको उल्लेख स्थानीय छोटेलाल साह ले गरे।

घटनाको सत्य तथ्य बारे छानबिन नै नगरी प्रहरीले राजनीतिक तथा आर्थिक लोभमा परि निर्दोष व्यक्ति माथि मुद्दा चलाएको बताए। अनुसन्धान नै नगरी अभाव प्रभावमा परि निर्दोष छोरालाइ फसाउने प्रहरी नायव उपरिक्षक कार्की माथि बिभागिय अनुसन्धान गरि कानुनी कार्यवाही गर्न पिडित परिवारले माग गरेको छन्।

# तराई-मधेश फाउन्डेशन नेपाल द्वारा शुभकामना आदान प्रदान

राजविराज। महिला अधिकारको लागि महिलाहरू आत्मिनर्भर बन्न सशक्तिकरण र त्यसका लागि शिक्षित हुनुपर्ने सहभागीहरूले जोड दिए। जिल्ला समन्वय समिति प्रमुख शिव नारायण साहले जेनजी आन्दोलनले मुलुकमा परिवर्तन ल्याएको भन्दै भष्ट्राचार बिरूद्वको आन्दोलनले देशमा सुशासन कायम हुने बिश्वास ब्यक्त गरे।

जेनजी आन्दोलनले देशको आमुल परिवर्तन ल्याउन, मुक्ती हुने र भष्टाचार शून्य मा ल्याउन ठुलो भुमिका खेल्नुपर्नेमा जोड दिए। तराई मधेश महिला फाउन्डेशन नेपालका अध्यक्ष तथा महिला अधिकारकर्मि सुनिता साहले जनेजी आन्दोलनले देशमा आमुल परिवर्तन ल्याएको भन्दै जेनजीले उठाएको भष्टाचार बिरूद्वको आन्दोलनवाट प्राप्त उपलब्धीलाई संस्थागत गर्न सबै जागरूप हुनुपर्नेमा जोड दिईन।

उनले भने संबैधानिक अधिकारका लागि महिलाहरू सक्रिय र एकजुट भई अभियानमा लाग्नुपर्नेमा जोड दिईन।

यसैगरी महिला अधिकारकर्मि तथा शिक्षिका बन्दना मिश्राले जेनजी आन्दोलनले देशमा परिवर्तन ल्याएको भन्दै जेनजी आन्दोलनको उदेशयलाई पूरा गर्न सबै सचेतहुनु पर्नेमा जोड दिईन। देशको परिवर्तित परिस्थितिमा महिला अधिकार बिषयक अन्तरक्रिया तथा वडा दशै, दिपावली एवं छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरिएको छ। बुधवार राजबिराज स्थित नेपाल पत्रकार महासँघ शाखा सप्तरीको सभाहलमा आयोजित तराई मधेश महिला फाउन्डेशन नेपाल राजबिराज द्वारा आयोजित शुभकामना तथा महिला अधिकार बिषयक कार्यक्रमको आयोजना गरिएको छ।

तराई मधेश महिला फाउन्डेशन नेपालका अध्यक्ष सुनिता साहको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला सम्न्वय समितिका प्रमुख शिव नारायण साह, नेपाल पत्रकार महासँघ पुर्व अध्यक्ष धिरेन्द्र प्रसाद साह, महिला अधिकारकर्मि, अनुराधा देवी साह, सामुदायिक सेवा केन्द्र सप्तरीका अध्यक्ष धिरेन्द्र दास, नेपाल प्रेस युनियन सप्तरी अध्यक्ष बिनय कर्ण, प्रेस सेन्टरका अध्यक्ष बिन्दु यादब, शिक्षिका बन्दना मिश्रा, संचारकर्मि बृतमान तमागं, ईन्जिनियर सुरेन्द्र प्रसाद यादब, पुष्पा स्वर्णकार, लगायतले शुभकामना दिएका थिए।


## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।



**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।



**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# व्यवस्था परिवर्तनका लागि छठपछि आन्दोलनमा जाने आजपाको निर्णय




काठमाडौं । प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा)ले प्रदेशको नेतृत्व हेरफेर गर्दै व्यवस्था परिवर्तनका लागि जनदवाव सहित निर्वाचनमा सहभागि हुने निर्णय गरेको छ ।

काठमाडौंको कमलादी स्थित नेपाल प्रज्ञा भवनमा ४ असोजमा केन्द्रीय कमिटी र ५ असोजमा बसेको पदाधिकारी बैठकले गरेको निर्णय सोमबार सार्वजनिक गर्दै आजपा प्रवक्ता चन्द्रभुषण साहले प्रदेशको नेतृत्व हेरफेर सहित व्यवस्था परिवर्तका लागि जनदवाद सहित निर्वाचनमा सहभागि हुने जनाएका छन् ।

बैठकले प्रदेश कमिटीको इन्चार्ज, सहइन्चार्ज एवं अध्यक्षको जिम्मेवारी हेरफेर गरेको छ । कोशी प्रदेशको इन्चार्जमा तिलक थापा मगर, सहइन्चार्जमा जुरीलाल मोची, अध्यक्षमा खगेन्द्र भण्डारी, मधेस प्रदेशको इन्चार्जमा त्रिभुवन साह, सहइन्चार्जमा श्रीचन मुखिया, अध्यक्षमा उमेश कुशवाहा, उपत्यका विशेष कमिटीको इन्चार्जमा चन्द्रभुषण साह, अध्यक्षमा देवी पण्डित रेग्मी रहेका छन् । यसैगरी, सुदुरपश्चिम प्रदेशको इन्चार्जमा सुमिना हुसेन, अध्यक्षमा राम विष्ट, बागमती प्रदेशको इन्चार्जमा धनकुमारी मगर, सहइन्चार्जमा देवी पण्डित रेग्मी र अध्यक्षमा पासाङ तामाङ, गण्डकी प्रदेशको इन्चार्जमा तिलक थापा मगर र अध्यक्षमा भोजराज त्रिपाठी, लुम्बिनी प्रदेशको इन्चार्जमा त्रिभुवन साह र अध्यक्ष बिजय यादव र कर्णाली प्रदेशको इन्चार्जमा समिना हुसेन तथा अध्यक्ष आशा संजेल रहेका छन् ।

आजपा प्रवक्ता साहले व्यवस्था परिवर्तनका लागि पार्टी छठपछि आन्दोलनमा उत्रिने निर्णय भएको जनाएका छन् । छठपछि व्यवस्था परिवर्तनका लागि आन्दोलनमा जाने निष्कर्ष बैठकले निकालेको छ । दशैं, दिपावली, छठ पर्वसम्म पार्टीको प्रदेश, जिल्ला, पालिका कमिटीको बैठक, भेला, कमिटी गठन, पुनर्गठन, शुभकामना अदानप्रदान लगायतका गतिविधि गर्ने र चाडपर्व सकिएपछि आन्दोलनमा उत्रिने निर्णय आजपाले गरेको हो ।

'दशैं, दिपावली, छठपर्वसम्म हामीले शुभकामना कार्यक्रम सहित बिभिन्न कमिटीको बैठक, भेला, कमिटी गठन, पुनर्गठन गर्दै अगाडी बढनेछौं । केन्द्रीय कमिटी पुनर्गठन गरेका छौं, अब प्रदेश, जिल्ला कमिटीहरु पुनर्गठन गर्दै छठपर्वपछि हामी व्यवस्था परिवर्तनका लागि आन्दोलन सहित निर्वाचनमा सहभागि हुने निर्णय गरेका छौं,' प्रवक्ता साहले जनाएका छन् ।

'पार्टी केन्द्र, प्रदेश तथा जिल्ला कमिटीहरुलाई पूर्नगठन गर्दै सिस्टम सुधारका लागि जनदवाव अभियान सहित निर्वाचनमा सहभागी हुने निर्णय गरिएको छ,' आजपाले निर्णय गरेको छ ।

'देशको अवस्था बदल्न व्यवस्था बदलौं, राष्ट्रिय स्वाधिनता बचाउन संघर्ष गरौं' भन्ने मुल नारासहित बैठकमा अध्यक्ष प्रभु साहले पेश गरेका समसामयिक एवं राजनीतिक प्रतिवेदन बैठकले सर्वसम्मतीले पारित गरेको छ ।

'हाम्रो आजपाद्वारा झण्डै दुइ वर्ष अगाड़ी दलाल दलतन्त्र विरुद्ध जारी तेस्रो जनआन्दोलनको जगमा हालै भएको जेन जी युवा पुस्ताको अगुवाईमा भएको जनविद्रोहले देशको संसद, सरकार र संविधानलाई अस्वीकार गरिसकेको सन्दर्भमा फेरी उहीं तिरस्कृत नेताहरुको संयोजन एवं सहमतिमा केवल नेतृत्वको मुखौटा परिवर्तनमा सिमित गरिनु जेन जी आन्दोलनप्रतिको धोका एवं सडकमार्फत मुखारित ताजा जनादेश समेतको अपमान भएको ठहर सहित सिस्टम सुधारका लागि जनदबाब सहितको संघर्ष र बाँकी कार्यभार पुरा गर्न थप शशक्त रूपमा अघि बढ्ने निर्णय गरिएको छ,' आजपाले गरेको निर्णयमा उल्लेख गरिएको छ ।

यस्तै, संविधानमा तत्काल सुधार गर्नुपर्ने महत्वपूर्ण विषयवस्तुलाई समेटेर आजपाद्वारा तयार पारिएको १६ बुँदे प्रस्ताव जनताका बीचमा लैजाने निर्णय समेत बैठकले गरेको छ । आम जनताद्धारा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्रीको व्यवस्था संविधानमा तत्काल सुधार गर्नुपर्ने लगायतका १६ मुद्धा आजपाले सार्वजनिक गरेको छ ।

'गलत व्यवस्थाका कारण राष्ट्रिय स्वाधिनता, अर्थतन्त्र एवं जनताको वास्तविक लोकतन्त्र संकटमा पर्दै गएको सन्दर्भमा पार्टीद्वारा जारी जनसंघर्ष एवं तेस्रो जनआन्दोलनको मुद्दाहरुलाई थप शशक्त, प्रभावकारी बनाउने निर्णय समेत गरिएको छ,' बैठक पश्चात जारी बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

यसैगरी बैठकले जेन-जी आन्दोलनको क्रममा भएको अबोध युवा विद्यार्थीको हत्या, ऐतिहासिक धरोहर, सम्पदा र सम्पतिहरूको तेडफोड, आगजनी एवं विध्वंशप्रति दु:ख व्यक्त गर्दै यस अपराधमा संलग्न निवर्तमान सरकार, जिम्मेवार सुरक्षा निकाय र घटनामा प्रत्यक्ष संलग्न अपराधीहरुलाई तथ्य र प्रमाणका आधारमा दण्डित गर्नपर्ने माग गरेको छ ।

### विचार र सिद्धान्त मिल्नेसंग एकताका लागि वार्ता समिति गठन

यसैगरी, आजपाले विचार र सिद्धान्त मिल्ने विभिन्न लोकप्रिय व्यक्ति, समुह, संगठन एवं पार्टीसंग एकता र सहकार्य गर्ने निर्णय गरेको छ । त्यसका लागि बैठकले सहअध्यक्ष एवं संविधानसभाका सदस्य तिलक थापामगरको नेतृत्वमा चन्द्रभुषण साह, सुभाष साह, बिजय यादव, राम विष्ट सदस्य रहने गरी वार्ता समिति गठन गरिएको छ ।

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



# 'व्यवस्था बदल्न र राष्ट्रिय स्वाधिनता बचाउन निर्णायक संघर्ष अतिआवश्यक छ'

काठमाडौं । आम जनता पार्टी (आजपा)ले देशको अवस्था बदल्न व्यवस्था बदल्नुपर्ने र राष्ट्रिय स्वाधिनता बचाउन संघर्ष गर्नुपर्ने आवश्यकत्ता औंल्याएको छ । शनिबार बसेको पार्टीको केन्द्रीय समितिको बैठकमा आजपा अध्यक्ष प्रभु साहले पेस गरेको राजनीतिक प्रतिबेदनमा यस्तो उल्लेख गरिएको छ । आजपाले अहिले देश विषम परिस्थितिबाट गुज्रिरहेकोले नयाँ निकास खोजिनुपर्ने माग गरेको छ ।

अध्यक्ष साहले देशको पछिल्लो अवस्थाबारे प्रकाश पार्दै पार्टी पँक्तिलाई संयमित र चनाखो भएर संघर्षसहित चुनावी अभियानमा मैदानमा होमिन अपिल गरेका छन् । साहले जनसंघर्षलाई निर्वाचनसँग जोड्नपनि आम पार्टी पँक्तिलाई आह्वान गरेका छन् ।

साहले भने,'अहिले देश विषम परिस्थितिबाट गुज्रिरहेको छ । दुई तिहाईको केपी ओली र शेरबहादुर देउवाको सरकार बर्खास्त भएको छ । ससद् विघटनसहित अन्तरिम सरकार बनेको छ । भ्रष्टाचारमुक्त नेपाल बनाउने युवाहरुको चाहनाअनुरुप नयाँ संविधानसहित नयाँ सरकार बन्नुको साटो उही पूरानै नेताहरुको सहमति र संयोजनमा नयाँ सरकार बनेको छ । आन्दोलनको मुद्दालाई कुर्सीसँग साट्ने यस खेलले जनतामा असन्तुष्टि र आक्रोश बढ्दो छ । यस जटिल एवं चूनौतिपूर्ण अवस्थामा देशलाई अगाडि बढाउन यस घट्नाक्रमले गम्भीर समीक्षा जरूरी छ ।'

बैठकमा अध्यक्ष साहले जेन-जी आन्दोलनको समेत चर्चा गरेका थिए । सो क्रममा उनले देशलाई असफलताबाट बचाउनको लागि आफ्नो दलले सुरूदेखि चाल्दै आएको कदम र लिएको नीति र निर्णयको समेत प्रकाश पारेका थिए । सम्बोधनको क्रममा साहले भने,'देश एकदमै विषम परिस्थितिमा गुज्रिएको थियो, स्वघोषित राजा ठान्ने नेताहरुको अत्याचार र भ्रष्टाचारबाट जनता आक्रान्त भएको अवस्था थियो, घुस, कमिशन तथा कर आतंकले सिंगै अर्थतन्त्र धराशयी हुँदै गएको थियो, वैदेशिक हस्तक्षेप एवम् नेताहरुको दलालीले देश असफलताको कगारमा पुगेको विषम परिस्थितिबाट देशलाई बचाउन हाम्रो आम जनता पार्टीले सुरु गरेको दलाल दलतन्त्रविरुद्ध तेस्रो जनआन्दोलनको प्रभाव गुणात्मक ढंगले अगाडि बढिरहेको सन्दर्भमा ओली सरकारले एक्कासी सामाजिक सञ्जाल बन्द गरेपछि जेनजी पुस्ताले सामाजिक सञ्जाल प्रतिवन्ध र भ्रष्टाचारविरुद्ध आन्दोलनको उद्घोष गरे । जेन-जी पुस्ताको आन्दोलनका जायज माग सम्बोधन गर्नुको साटो सरकारले युवाहरुमाथि बर्बर नरसंहार मच्चायो । प्रहरीको गोली लागि पहिलो दिनमै दर्जनौं युवाहरुको मृत्यु भयो । सयौंको संख्यामा युवाहरु घाइते भए । कलिला उमेरका निर्दोष युवाहरुमाथि भएको यस नरसंहारले दलतन्त्रबाट आजित जनतालाई अझ आक्रोशित बनायो । त्यहीकारण दोस्रो दिन हत्यारा सरकारविरुद्ध आम जनता सडकमा आएर संसद् भवन, राष्ट्रपति कार्यालय, सिंहदरबार, सर्वोच्च अदालत, अख्तियार, सुरक्षा नकियलगायतका राज्यको प्रमुख अंगहरुको कार्यालय खरानी बनाए । सरकारलाई चूनौतिमात्रै दिएनन्, राज्यका विधि, विधान र संविधानलाई समेत अस्विकार गरे ।'

साहले जनताले सडकमार्फत सरकार, संसद् र संविधानलाई अस्विकार गरिसकेको अवस्थामा देशको सहज निकासको लागि अन्तरिम सरकार र




अन्तरिम संविधान बन्नुपर्नेमा पूरानै व्यवस्थाअन्तर्गत तिरस्कृत नेताहरुको सहमति र संयोजनमा अन्तरिमक सरकारमात्र बन्नुलाई विडम्बना भनेका छन् । उनले भने,'यो सरासर जनअन्दोलनको मर्मविपरित हो । केही लम्पट युवाहरुको कुर्सीमोह र अदूरदर्शी सोचका कारण युवाहरुको बदलावको सपनालाई सरकारी कुर्सीसँग साट्ने काम भयो ।'

साहले व्यवस्था बिग्रिएकै कारण देशको अवस्थापनि बिग्रिएको टिप्पणी गरे । उनले राज्यको सिस्टमलाई छोडेर सरकार बदल्ने कुरा जनआन्दोलनप्रतिको धोकामात्रै भएको पनि जिकिर गरेका छन् । उनले जेन-जी आन्दोलनलाई उपलब्धिमूलक बनाउन र जेनजी पुस्तालाई कलंकित हुनबाट बचाउन व्यवस्था बदलावको मुद्दालाई अझै जोडदार र सशक्त ढंगले अगाडि बढाउनुपर्ने पनि आवश्यकत्ता औंल्याएका छन् ।

साहले अहिलेको भगौडा दलालको लुटकारी शासन व्यवस्थाको विकल्पबिना अवस्थामा सुधार सम्भव नै नभएको ठोकुवा गरेका छन् । साहले भने,'पश्चमगामीको डर देखाएर यथास्थितिलाई सही भन्ने जुन कुचेष्टा भइरहेको छ, त्यो सरासर गलत हो । गलत व्यवस्था जहिल्यैपनि गलत नै हुन्छ भन्ने कुरा हामीले बुझ्न जरूरी छ । जेन-जी आन्दोलनको सही उपयोग भएन भने देशले अझै दुःख पाउनेछ ।' साहले जेनजी पुस्तासामू दुईवटामात्रै विकल्प रहेको सुनाए । पहिलो विकल्प, आन्दोलनको सही सम्बोधन गरी इतिहासमा देउतातुल्य सम्मानित हुने र अर्को आन्दोलनलाई कसैको निहित स्वार्थमा प्रयोग गरी सिंगै युवा पुस्तालाई राक्षस बनाउने रहेको साहको भनाई छ ।

देशमा विद्यमान गलत व्यवस्थाकै कारण साम्राज्यवादी हस्तक्षेप बढ्दो रहेको साहले औंल्याएका छन् । उनले भने,'राष्ट्रियता दिनप्रति दिन कमजोर हुँदैछ । दलतन्त्र हावी छ । चाहे पूराना होउन् वा नयाँ, जो आएपनि नोकै मनोमानी छ । जनता लाचार र नेता मालामाल अहिलेको व्यवस्थाको उपज हो ।'

बैठकमा साहले राष्ट्रियताको विषयमा अलिक बढि जोड दिएर प्रकाश पारेका थिए । उनले नेपालमा भगौडा दलाल वर्गको बर्चश्व रहेकै कारण वैदेशिक हस्तक्षेप बढ्दो रहेको साहको टिप्पणी छ । उनकाअनुसार यतिवेला राष्ट्रिय स्वाधिनताको विषय गम्भीर बन्दै गएको छ ।

उनले भने,'आज साम्राज्यवादी देशका नागरिकहरुले नेपाली नागरिकता खुलेआम प्राप्त गरिरहेका छन् । विश्वमा कहीं नभएको दुई देशको नागरिकताको प्रावधान नेपालमा छ । यतिमात्र होईन, देशको पैसा बिना रोकतोक विदेश लाने छुट छ । शाषकहरुले आफ्नो भएभरका सम्पत्ति र सन्तान विदेशमा लग्दैछन् । राज्यको चरित्र भनेकै देशलाई लुटेर विदेशमा लाने लुटेरा र भगौडाजस्तो भएको छ । नेपालको साधनस्रोत, जनशक्ति एवं पुंजी दिनानुदिन पलायन हुँदैछ । एकातिर देश लुटेर विदेश लानेहरु सम्मानित हुँदैछन् भने अर्कोतिर विदेशबाट पैसा नेपाल ल्याउनेहरु र नेपालमै भविष्य देख्नेहरु अपमानित हुँदैछन् ।' आफ्नो पार्टीले सुरु गरेको कालो धन फिर्ता ल्याउने र मुख्य भगौडाहरुको सम्पत्ति कब्जा गर्ने अभियानको सान्दर्भिकता अझै बढेर गएको पनि साहको दावी छ ।

बैठकमा साहले लोकतन्त्रको समेत चर्चा गरेका थिए । नेपालमा अहिले लोकतन्त्र केवल देखाउन दाँतमा सिमित भएको उनको निश्कर्ष छ । उनले भने,'नेपालमा दलतन्त्रले जनता लाचार र देश बर्बाद भैरहेको छ । लोकतन्त्र केवल देखाउने दाँतमात्रै भएको छ, चपाउने दाँत त दलतन्त्र बनेको छ । यहाँ जनताको नाममा पार्टीको शासन छ, पार्टीभित्र गुट छ, गुटभित्र पनि नेताको नियन्त्रण छ ।' साहले जननिर्वाचित संस्थामाथि गैरनिर्वाचित संस्थाको हैकम भएको पनि टिप्पणी गरे । उनले भने,'नेपालमा अहिले जनप्रतिनिधिहरु पार्टी र नेताको कारिन्दा बन्न बाध्य छन् ।'

साहले आफूहरुले सुरु गरेको तेस्रो जनआन्दोलनले नयाँ विकल्पको आधार खडा गरेको स्पष्ट पारे । नेपालमा संविधान, कानून र संवैधानिक संरचनाहरु समेत नेताहरुको लंगौटी बनेको साहको दाबी छ । सो क्रममा साहले देशको अर्थतन्त्रको पनि चर्चा गरेका थिए । राज्यको लुटकारी चरित्रले गर्दा देशको अर्थतन्त्र धराशयी भइरहेको उनको निश्कर्ष छ ।

उनले नेपालमा अहिले 'जहाँ राज्य छ, त्यहाँ भ्रष्टाचार छ' भन्ने कुरा पुष्टि भैसकेको सुनाए । लुट र भ्रष्टाचार नेताहरुको पेशा भएको उनको आरोप छ । साहले पार्टीले लिएको भ्रष्टाचारीलाई जनकारबाहीको नीतिले जनतामा ठूलो जागरण ल्याएको कुरा भर्खरै सम्पन्न जेनजी आन्दोलनमा भ्रष्टाचारीमाथि जनताले खोजी-खोजीगरेको हमलाले पुष्टि गरेको स्पष्ट पारे । आफ्नो पार्टीले दुई वर्षअघि नै गरेको तेस्रो जनआन्दोलनको उद्घोष र लिएको जनसंघर्षका कार्यक्रमहरुको समेत अध्यक्ष साहले चर्चा गरेका थिए । सो क्रममा साहले जनताको शासन व्यवस्थासहितको संवैधानिक खाका छिट्टै प्रस्तुत गर्ने भनेका छन् ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका

पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका

महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका

सर्लाही, मधेश प्रदेश

# अर्थमन्त्री खनाल र भारतीय राजदूत श्रीवास्तवबीच भेटवार्ता



काठमाडौं । अर्थमन्त्री रामेश्वरप्रसाद खनालसँग मंगलवार नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेट गरेका छन् ।

भेटका क्रममा अर्थमन्त्री खनालले नेपाल-भारतबीचको ऐतिहासिक र विशेष सम्बन्धको चर्चा गर्दै भारतले पुर्याउँदै आएको निरन्तर सहयोगप्रति धन्यवाद ज्ञापन गरे । उनले नेपालमा विद्यमान चुनौतीपूर्ण परिस्थितिमा छिमेकी मुलुकसहित दातृ निकायहरूसँग आर्थिक साझेदारी निरन्तर आवश्यक रहेको औंल्याए ।

त्यस अवसरमा भारतीय राजदूत श्रीवास्तवले भारत नेपालको सबैभन्दा नजिकको छिमेकी भएको नाताले दुवै मुलुकबीचको विशेष सम्बन्धलाई अझ मजबुत बनाउन भारत सधैं तत्पर रहेको बताए । उनले भारतले सञ्चालन गरिरहेका विकास आयोजना तथा कार्यक्रमलाई अझ गति दिने प्रतिबद्धता व्यक्त गर्दै नेपालमा लगानी गरिरहेका भारतीय निजी क्षेत्रको मनोबल उच्च बनाउन सहयोग गर्ने प्रतिवद्धता जनाए । साथै, नेपाल-भारत व्यापार सहजीकरणका लागि दुवै पक्षबीच समन्वय सुदृढ गर्ने विषयमा पनि छलफल भएको बताइएको छ।

# आम जनता पार्टीको केन्द्रीय कमिटी पुनर्गठन

काठमाडौं । आम जनता पार्टी (आजपा)को केन्द्रीय कमिटी पुनर्गठन गरिएको छ । प्रभु साहको अध्यक्षतामा पुनर्गठन गरिएको केन्द्रीय कमिटीमा ३ सय ४८ सदस्यीय रहेको छ ।

१४ सदस्यीय केन्द्रीय कार्यालय, केन्द्रीय कार्यालय सदस्य सहित ८७ सदस्यीय केन्द्रीय सचिवालय सदस्य र २ सय ४७ सदस्यीय केन्द्रीय सदस्य रहेको छ । यस्तै बैकल्पिक १ सय १ जनालाई बैकल्पिक केन्द्रीय सदस्य राखिएको छ ।

प्रभु साह अध्यक्ष, तिलक थापामगर सहअध्यक्ष सहित कार्यालय सदस्यहरुमा रितादेवी साह, समिना हुसेन, बिल्टु यादव, अशोक कुमार लामा, त्रिभुवन साह, चन्द्रभुषण साह, धनकुमारी मगर, सुधिर यादव, सियाराम कुशवाहा, श्रीचन्द मुखिया, उमेश कुशवाहा, देवी पण्डित रेग्मी रहेका छन् ।

यसैगरी सचिवालय सदस्यहरुमा श्रीलाल महासेठ, रबिन्द्र प्रसाद सिंह, जुरीलाल मोची, धर्मेन्द्र पटेल, भोजराज त्रिपाठी, लालबाबु मन्सुरी, लखिन्द्र साह, उदयचन्द्र प्रसाद, नरेश तुरहा, श्रीभगवान पटेल, राधेश्याम साह, बिजय यादव, सुभाषप्रसाद साह, रामकेशव गुप्ता, ओमप्रकाश सिंह, ममता शर्मा, भोला पाण्डे, कुमारी बबिता, रञ्जुकुमारी साह, सञ्जय यादव, बबिता यादव, गितादेवी साह, ठागा दास, बालकृष्ण सापकोटा, उमाशंकर साह, उपेन्द्र साह, पासाङ तामाङ, सराज बछार, अञ्जित कुशवाहा, शिव थापा, शुभद्रा गुप्ता, अनिल झा, राजेश साह, सुरेश चौधरी रहेका छन् ।

यसैगरी सचिवालय सदस्यहरुमा मिन बहादुर खत्री, किशोरी साह, देवेन्द्र ठाकुर, रामनाथ माझी, रामबाबु कुशवाहा, राजकिशोर साह, विवेक साह, हेमप्रसाद साह, तेजनारायण चौधरी, बालाशंकर कुशवाहा, जयलाल महतो, विश्वराज पटेल, रविन्द्र यादव, भानु कोइराला, सुरेश साह, डा. नवलकिशोर साह, सिमा जैसवाल, बिजय साह, देवकुमारी साह, पप्पु साह, ब्रम्हा यादव, रामशरण यादव, रामकृत साह, अरबिन्द साह, गोपाल साह, बिरबल महतो, आर्या पाण्डे, हरि थापा, मिनादेवी साह, सन्तोष साह, प्रहलाद पौडेल, खगेन्द्र भण्डारी, कालबहादुर विक, राम बिष्ट, अमर योन्जन, एमडी सतार, शम्भु जयसवाल, बद्रि पासवान र चन्दन साह रहेका छन् ।

काठमाडौंको कमलादी स्थित नेपाल प्रज्ञा भवनमा ४ असोजमा केन्द्रीय कमिटी र ५ असोजमा बसेको पदाधिकारी बैठकले गरेको केन्द्रीय कमिटी पुनर्गठन गर्ने निर्णय गरेको हो ।




## रेल्वे कम्पनीले कार्गो रेल्वे सेवा सञ्चालन गर्ने

जनकपुरधाम । नेपाल रेल्वे कम्पनीले आफ्नो कम्पनीलाई व्यावसायिक तथा नाफामूलक बनाउन कार्गो रेल्वे सेवा सञ्चालनको प्रक्रिया अगाडि बढाएको छ । भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालनमा रहेको ६५ किलोमिटर लामो ब्रोडगेज यात्रुवाहक रेल्वेसँगै कार्गो सेवा सञ्चालन गर्ने तयारी भइरहेको कम्पनीले जनाएको हो ।

भारत सरकारको रु १० अर्ब लागतमा मर्मत तथा निमार्ण भई हाल जयनगरबाट जनकपुर हुँदै महोत्तरीको बिजलपुरासम्म यात्रुवाहक रेल्वे सेवा सञ्चालन भइरहेको छ । नेपाल सरकारले भारत सरकारसँग खरिद गरेको दुई वटा इन्जिनसहितको चार/चार वटा वोगीमार्फत यस क्षेत्रका जनतालाई नियमित सेवा प्रदान गर्दै आएको छ ।

यात्री ओसारपसार गरेर रेल्वे सेवालाई व्यावसायिक बनाउन तथा नाफामा लैजाने अवस्था नभएकाले सो कम्पनीले पटक-पटक नेपाल सरकारलाई ध्यान आकर्षण गराउँदै आएको छ । भारतको कलकत्ता बन्दरगाहदेखि सस्तो दरमा नेपालमा मालसामान ढुवानी गर्न कार्गो रेल्वे सेवा सञ्चालनका लागि पहिलेदेखि यस क्षेत्रका व्यवसायीले माग गर्दै आएको भए पनि हालसम्म सञ्चालन हुन सकेको छैन ।

## करिब ३ सय ३४ किलो गाँजा बरामद

रौतहट । ईशनाथ नगरपलिका-८ मनसरीबाट अवैध लागूऔषध गाँजा करिब ३ सय ३४ किलोग्राम शनिबार राति प्रहरीले बरामद गरेको छ ।

प्रहरी चौकी रामपुरखापबाट खटिएको प्रहरीलाई देख्नासाथ प्रदेश न. ३-०१-०२२ च १८६१ नम्बरको  पिकअप गाडीको चालकले गाडी छाडी फरार भएपश्चात प्रहरीले गाडी तलासी गर्दा उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार गाडी चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

## करिब २ सय ३६ किलोग्राम गाँजासहित मिनिट्रक चालक पक्राउ

बारा । जीतपुरसिमरा उपमहानगरपालिका-२१ अमलेखगंजबाट अवैध लागूऔषध गाँजा करिब २ सय ३६ किलो ७ सय ५० ग्राम सहित मिनिट्रक चालक पक्राउ परेका छन् । सोमबार दिउँसो मकवानपुर कैलाश गाउँपालिका-१० बस्ने ३८ वर्षीय रमेश रूम्बालाई प्रहरीले पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय अमलेखगंजबाट खटिएको प्रहरीले मकवानपुरबाट वीरगंजतर्फ आउँदै गरेको बा.२ ख ९५६९ नम्बरको मिनिट्रक तलासी गर्दा छतमाथि सिलिङमा फल्स बटम बनाई त्रिपालले छोपी लुकाईछिपाई राखेको २८ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी मिनिट्रक चालक रमेशलाई पक्राउ गरेको जनाएको छ ।

## अपहरित किशोरको शव फेला

सिरहा । गोलबजार नगरपालिका-१३ डंग्राहाबाट अपहरित किशोरको हत्या गरिएको अवस्थामा शव फेला परेको छ । आइतबार राती अपहरणमा परेका स्थानीय १७ वर्षीय अभिषेक महतोको शव घरदेखि एक सय मिटर पूर्व आँप बगैंचामा फेला परेको प्रहरीले जनाएको छ ।

आफ्नै ट्याक्टर चलाउँदै आएका अभिषेक आइतबार राती खाना खाएर घर नजिकैको चोकतर्फ घुम्न गएका थिए । त्यसपछि उनी घर फर्किएनन् । परिवारजनले रातभर गाउँछिमेकमा खोजतलास गरे पनि भेटिएनन् ।

सोमबार बिहान महतो परिवारको मोबाइलमा इमोबाट पाँच करोड फिरौती माग गरिएको जानकारीसहित इलाका प्रहरी कार्यालय गोलबजारमा अभिषेकको सकुशल उद्धारका लागि निवेदन दिएको थियो। अपहरणकारी समूहले अभिषेकको आमाको मोबाइलको इमोमा छोरा जिउँदो चाहिएमा पाँच करोड फिरौती बुझाउन भनेको जानकारी समेत परिवारजनले प्रहरीलाई सोमबार नै दिएका थिए ।

## पोखरीमा डुबेर दुई बालिकाको मृत्यु

सप्तरी ।सुरुङ्गा नगरपालिका-२ स्थित हर्दियाको पोखरीमा डुबेर दुई बालिकाको ज्यान गएको छ । स्थानीय सुरेन्द्र चौधरीकी ७ वर्षीया छोरी सुस्तिका चौधरी र केशर चौधरीकी ११ वर्षीया छोरी आशकी चौधरीको पोखरीमा डुबेर ज्यान गएको हो । दुवै बालिकाको नुहाउने क्रममा पोखरीमा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न खोज्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सामञ्जस्यता राखेको छ । यो नीतिले विद्यालय शिक्षा क्षेत्र योजना र बृहत् संघीय शिक्षा ढाँचामा उल्लिखित नेपालका शिक्षाका राष्ट्रिय लक्ष्यहरू पनि प्रतिविम्बित गर्दछ ।

मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

# व्यापारका लागि बढनी नयाँ ढोका बन्दै



काठमाडौं । भारतीय लोकसभा सदस्य जगदम्बिका पालले सीमावर्ती बढनी बजार नेपालका लागि 'गेट वे अफ इन्डिया'का रूपमा विकास भइरहेको बताएका छन् ।

मुम्बई अरब सागरका लागि 'गेट वे अफ इन्डिया' भएजस्तै नेपालका लागि बढनी बजार सोही रूपमा विकास हुने कामको सुरुवात भएको उनले बताए ।

करिब डेढ अर्ब भारुको लागतमा बढनी बजारमा निर्माण थालिएको फोर लेन पक्की सडक र ओभर ब्रिज पुल निर्माणको शुभारम्भ गर्दै उनले अब भारतको बढनी बजार र नेपालको कृष्णनगर बजारले आर्थिक रूपमा फड्को मार्ने पनि बताए ।

नेपाल-भारत सीमा जोडिएको करिब १ हजार ८ सय किमि सीमामा बढनीमात्र यस्तो बजार हो, जहाँ अत्याधुनिक फोर लेन सडकसहित ओभर ब्रिज निर्माण हुन थालेको छ । 'सीमाको अन्य कुनै पनि बजारमा यस्तो संरचना बनेको छैन,' उनले भने । त्यसैले भारत सरकारकै प्राथमिकतामा यो परेको छ ।

भारतको राष्ट्रिय रेल नेटवर्कसँग जोडिएको नेपालको सबैभन्दा नजिकको बजार हो कृष्णनगर । यहाँदेखि सय मिटरमै भारतको राष्ट्रिय रेल नेटबर्कसँग जोडिएको बढनी रेल्वे स्टेसन छ । बिस्तारै बढनी बजारको विकास हुँदै गएको र रेल आवतजावत गर्दा लामो समय बाटो बन्द हुँदा समस्या भइरहेकाले फोर लेनको सडकसहित फ्लाइओभर पुल निर्माण हुन गइरहेको हो ।

श्रावस्ती-कुशीनगर बौद्ध परिपथ सडक खण्डअन्तर्गत बढनी बजारको पश्चिम दक्षिणबाट फोर लेनको १ हजार ७ सय मिटर अग्लो बाटो बनाएर सकिएपछि त्यहीँबाट ओभर ब्रिज बनाइनेछ । फोर लेनको ८ सय १ मिटर लामो ओभरब्रिज गएर बढनीको उत्तर पूर्व गाधी आदर्श विद्यालयनिर नेपाली सीमा नजिक सकिने छ ।

उत्तर प्रदेश सरकारको लोक निर्माण विभागले ३५ करोड २५ लाख भारु लागतमा सडक र उत्तर प्रदेश सेतु निर्माण निगमले १ अर्ब ९ करोड ६५ लाख लागतमा ओभर ब्रिज निर्माण गर्न लागेको इन्जिनियर कमलेश त्रिपाठीले बताए । तीन वर्षमा यो काम सकिनेछ ।

आफू यसै क्षेत्रबाट निर्वाचित सांसद भएकाले सीमावर्ती बजारको विकासमा सघन रूपमा लागेको उनले बताए । यसले द्विदेशीय सम्बन्धमात्र विकास नभई आर्थिक समृद्धिका लागि व्यापारको नयाँ ढोका खोल्ने पनि उनले बताए । 'आर्थिक विकासको महत्त्वपूर्ण पाटो सडक कनेक्टिभिटी हो,' पूर्वप्रतिनिधिसभा सदस्य अभिषेकप्रताप शाहले भने, 'अहिले बढनी भारतका अधिकांश ठूला र औद्योगिक सहरसँग जोडिएको छ । बढनीबाटै रेलबाट भारतभरि जहाँजुकै सजिलै जान सकिन्छ ।'

अब ब्रिज बन्दै गर्दा यसले यातायातलाई थप सजिलो बनाउने पनि उनले बताए । 'ट्राफिक जाम हुने छैन । नेपालीहरू घरको दैलोमै आएर ओर्लिन पाउने छन्,' उनले भने, 'अब नेपाल-भारत आयात निर्यात सजिलो हुनेछ । यहाँको रेल्वेलाई भारत सरकारले पूर्वाञ्चल क्षेत्रको नमुना बनाएको छ ।'

कृष्णनगर मुलुकका १० ठूला भन्सार नाकामा पर्ने एक नाका हो । सीमावर्ती क्षेत्रमा भएको विकाससँगै आर्थिक गतिविधि चलायमान हुँदा मुलुक र व्यवसायीलाई धेरै फाइदा पुग्ने कृष्णनगर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत फणीन्द्र खतिवडाले बताए ।

मध्य नेपालको भारत आवतजावत गर्ने कृष्णनगर प्रमुख नाका हो । यहाँबाट रेलसहित बस, जिप, भ्यान पनि भारतका अधिकांश ठूला सहरसम्म जान्छन् ।

# अन्तरिम सरकारलाई हरसम्भव सहयोग गर्ने प्रतिबद्धता





काठमाडौं । भारतले नेपालमा गठित नयाँ अन्तरिम सरकारलाई स्वागत गर्दै असल छिमेकीका हैसियतले हरसम्भव सहयोग गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ ।

पूर्व प्रधानन्यायाधीश समेत रहेकी प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा बनेको सरकारलाई भारतले स्थायित्व र शान्ति स्थापना गर्नेप्रयासमा सहयोग गर्ने प्रतिबद्धता जनाएको हो ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री कार्कीसँग बिहीबार टेलिफोन वार्ता गर्दै नेपालको शान्ति र स्थायित्वका लागि भारत सधैं साथ रहने विश्वास दिलाएका छन्। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले नियमित पत्रकार सम्मेलनमा भने, 'भारत छिमेकी, लोकतान्त्रिक मित्र राष्ट्र तथा दीर्घकालीन विकास साझेदारको हैसियतले नेपालसँग नजिकको सहकार्यलाई निरन्तर अघि बढाउनेछ।'

# नेपाली दूतावासमा मनाइयो संविधान दिवस



काठमाडौं । भारतको राजधानी दिल्लीस्थित नेपाली राजदुतावासमा संविधान दिवस मनाइएको छ । संविधान दिवसको अवसरमा भारतका लागि नेपाली राजदुत डा. शंकर शर्माले राजदुतावास प्राङ्गणमा राष्ट्रिय भन्डा फहराए ।

समारोहमा संक्षिप्त बोल्दै राजदुत शर्माले देश विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूलाई संविधान दिवसको शुभकामना व्यक्त गर्नुका साथै नेपालमा हालै भएको जेनजी आन्दोलनमा ज्यान गुमाएका शहीदहरूप्रति श्रद्धाञ्जली व्यक्त गरे ।

उनले अन्तरिम सरकार र त्यसपछि बन्ने सरकारहरूले नेपाली जनताको हित हुने नेपाललाई आर्थिक रूपमा सबल बनाउने गरी काम गरोस् भन्ने शुभकामना पनि दिए । समारोहमा दिल्लीस्थित नेपाली राजदूतावासका सम्पूर्ण अधिकारीहरूको उपस्थिति रहेको थियो ।

# उर्जामन्त्रीसँग भारतीय राजदुत श्रीवास्तवको भेटवार्ता



काठमाडौं । उर्जा, शहरी विकास तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङसँग भारतीय राजदुत नविन श्रीवास्तवले भेटवार्ता गरेका छन् ।

आईतवार बिहान सिंहदरबारस्थित मन्त्रालयमा राजदुत श्रीवास्तवले शिष्टाचार भेटवार्ता गरेका हुन् ।

जेन जी पुस्ताको आन्दोलनपछि अन्तरिम सरकारको शक्तिशाली मन्त्री बन्नुभएका घिसिङलाई राजदुत श्रीवास्तवले बधाइ ज्ञापन गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गरे ।

भेटका क्रममा नेपालको उर्जा, यातायात, भौतिक पूर्वाधार, शहरी विकासका क्षेत्रमा भारतले सहयोग जारी राख्ने प्रतिवद्धता व्यक्त गरे ।

नेपालको विकासका लागि भारतले सहयोग गर्दै आएको स्मरण गर्दै मन्त्री घिसिङले नेपालाई अहिले नेपालको शान्तिव्यवस्था, विकास र समृद्धिमा भारतको साथ र सहयोग आवश्यक रहेको बताए ।

# संघीय...

भ्रष्टाचारीमाथि जनताको निगरानीको प्रावधान राख्ने, राईट टु रिकलको प्रावधान राख्नुपर्ने र न्यायालयलाई स्वतन्त्र, पारदर्शी एवं जनउत्तरदायी बनाउने काम गर्नुपर्ने माग आजपाले अगाडी सारेको छ ।

सरकारपिच्छेको कर आतंक र मनोमानी करको विरोध गर्दै आएको आजपाले जीडीपीको २० प्रतिशत भन्दा बढी कर लगाउन नपाउने व्यवस्था गर्नुपर्ने र देशको पूँजी विदेशमा लैजान रोक लगाउने व्यवस्था गर्नुपर्ने माग गरेको छ ।

'यहाँ सरकारपिच्छे सरकारको कर आतंक छ । आम्दानी बिना नै कर, करको पनि कर तथा नामै नसुनेको करहरु जनताले तिर्नुपर्ने अवस्था छ । नेपालमा कर लिने सरकार, करका शीर्षकहरु त्था करको दायरा र दर अत्याधिक छ । उदाहरणका लागि एक सय ४५ करोड जनसंख्या रहेको भारतमा सरकारको संख्या ३७ वटा छ । एक सय ४२ करोड जनसंख्या भउको चीनमा सरकारको संख्या ३४ वटा छ र नेपालमा जम्मा ३ करोड जनसंख्या छ तर सरकार ७ सय ६१ व्टा छ । त्यस्तै करको शीर्षक, करको दायरा र दर पनि अन्य देशको त'लनामा नेपालमा अत्याधिक छ । यसरी घुस कमिशन र करको कहरले हाम्रो उत्पादन महंगो भई उधोगधन्दा बन्द एवं व्यापार चौपट भइरहेको छ भने बेरोजगारी समस्या दिनानुदिन बिकराल बन्दै गइरहेको छ,' आजपा केन्द्रीय कार्यालय सदस्य एवं संगठन विभाग प्रमुख त्रिभुवन साहले भने ।

त्यसैलै आजपाले सरकारपिच्छेको कर आतंकको अन्त्य गर्नुपर्ने भन्दै आन्दोलन पनि गर्दै आएको छ । आजपाले भ्रष्टाचारीलाई कडाभन्दा कडा कारवाही गर्नुपर्ने माग समेत गरेको छ । आजपाले यि एजेण्डामा विगतदेखी नै आन्दोलन गर्दै आएको र आउने दिनमा पनि आन्दोलनका कार्यक्रमलाई शसक्ता रुपमा अगाडी बढाउने निर्णय गरेको छ ।


## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,

- ❖ सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- ❖ सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- ❖ आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
- ❖ सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- ❖ सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- ❖ मादकपदार्थ/लागूपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड






पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

**हनुमानस्थानचोक, अनामनगर, काठमाडौं**

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं